| | | |
|---|---|---|
| **आवासीय महाविद्यालय,** *सल्लाघारी, भक्तपुर* | | *०१-६६१००५१* |
| **सैनिक आवासीय महाविद्यालय,** *फुलबारी, पोखरा* | | *०६१-५२७७४६* |
| **सैनिक आवासीय महाविद्यालय,** *फुस्रे, धरान* | | *०२५-५३११५५* |
| **सैनिक आवासीय महाविद्यालय,** *मंगलगढी, सुर्खेत* | | *०८३-५२३२११* |
| **सैनिक आवासीय महाविद्यालय,** *तेघरी, कैलाली* | | *०९१-५५११९५* |
| **सैनिक आवासीय महाविद्यालय,** *चैनपुर, चितवन* | | *०५६-५८३८०३* |
| **विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालय,** *विजेश्वरी, काठमाण्डौ* | | *०१-४२७१४९८* |
| **रिपूमर्दिनी सैनिक माध्यमिक विद्यालय,** *बांसबारी, काठमाण्डौ* | | *०१-४३७४३३५* |

# विद्यार्थी भर्ना सम्बन्धी सूचना

आगामी शैक्षिक सत्र २०७७ मा सैनिक आवासीय महाविद्यालय भक्तपुर, पोखरा, धरान, सुर्खेत र कैलाली, चितवनका लागि कक्षा ६, विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयका लागि कक्षा १ र ३ तथा रिपूमर्दिनी सैनिक माध्यमिक विद्यालयका लागि कक्षा १ मा अनुशासित वातावरणमा पूर्ण अंग्रेजी माध्यमबाट अध्ययन/अध्यापन गराउन इच्छुक नेपाली सेनाका सकलदर्जा (बहालवाला तथा भु.पु. सैनिक) तथा गैह्रसैनिक व्यक्तिका छोरा/छोरीहरुको भर्नाको लागि नियमानुसार पुनः दरखास्त आव्हान गरिन्छ । दरखास्त फाराम सार्वजनिक बिदाको दिन समेत नियमानुसार शुल्क तिरी आफूले अध्ययन गर्न चाहेको महाविद्यालय/विद्यालयको प्रिन्सिपल कार्यालयबाट वा वेवसाइट www.bsamv.edu.np, www.sampokhara.edu.np, www.samc.edu.np, www.samt.edu.np, www.bgmsm.edu.np, www.rsmv.edu.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

## भर्नाको लागि आवश्यक न्यूनतम योग्यता

क) नेपाल सरकारको मान्यताप्राप्त विद्यालयबाट २०७६ सालमा कक्षा ६ का लागि कक्षा ५ को, कक्षा ३ का लागि कक्षा २ को र कक्षा १ का लागि UKG/SKG को वार्षिक/अर्धवार्षिक/दोस्रो टर्मिनल परीक्षामा कम्तीमा ५०% अंक वा हरेक विषयहरुमा न्यूनतम C+ ग्रेड वा GPA 2.4 प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ ।

ख) उमेरको हकमा २०७७ साल बैशाख १ गतेलाई आधार मानी कक्षा ६ का लागि १० वर्ष पुरा भई १२ वर्ष ननाघेको, कक्षा १ को हकमा ५ वर्ष पूरा भई ७ वर्ष ननाघेको र अन्य कक्षाहरुको लागि सोही आधारमा निर्धारित उमेर भएको हुनुपर्नेछ ।

ग) भर्ना हुनको लागि महाविद्यालयद्वारा संचालन गरिने लिखित प्रवेश परीक्षाका सबै विषयहरुमा उत्तीर्ण भई योग्यताक्रम अनुसार दोस्रो चरणका लागि छनौट हुनुपर्ने र अन्तर्वार्ता एवं साधारण स्वास्थ्य परीक्षणमा समेत उत्तीर्ण हुनुपर्नेछ ।

## पेश गर्नुपर्ने कागजातहरु

क) कक्षा ६ का लागि कक्षा ५ को, कक्षा ३ का लागि कक्षा २ को र कक्षा १ का लागि UKG/SKG को २०७६ सालको वार्षिक/अर्धवार्षिक/दोस्रो टर्मिनल परीक्षाको लव्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि-१ र विद्यार्थीको उमेर समेत उल्लेख भएको चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि-१

ख) स्थानीय पञ्जीकाधिकारीबाट प्रमाणित जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि-२

ग) हालसालै खिचिएको तस्वीर-२ प्रति (पासपोर्ट साइज-१ र अटो साइज-१)

घ) बहालवाला सैनिकका छोरा/छोरीको हकमा सम्बन्धित यूनिटका पतिद्धारा प्रमाणित सन्तानको जन्ममिति खुलेको सिफारिसको सक्कल पत्र–१

ङ) भू.पू. सैनिकका छोरा/छोरीको हकमा पेन्सनपट्टाको प्रतिलिपि-१

- ☛ अन्तिम प्रवेश परीक्षाबाट उत्तीर्ण भई भर्नाका लागि छनौट भएका उम्मेदवारहरुले भर्ना हुनु पूर्व सम्बन्धित कक्षा उत्तीर्ण गरेको प्रमाणपत्रहरु (चारित्रिक प्रमाणपत्र र लब्धाङ्कपत्र) अनिवार्य रुपमा महाविद्यालयको परीक्षा शाखामा पेश गर्नुपर्नेछ ।
- ☛ महाविद्यालयको नियमानुसार एकपटकमा १ दम्पत्तीको (सैनिक तथा महाविद्यालय स्टाफ) केवल १ सन्तानले मात्र कुनै एक सैनिक महाविद्यालय/विद्यालयमा सहुलियतमा अध्ययन गर्ने अवसर पाउनेछन् । दर्ता भएका फारामहरु छानबीन गर्ने क्रममा रित नपुगेको वा आवश्यक सम्पूर्ण कागजपत्र संलग्न नभएको पाइएमा त्यस्ता फारामहरु स्वतः रद्द हुनेछन् ।
- ☛ नेपाली सेनामा कार्यरत रहंदा वीरगतिप्राप्त गरेका वा नियममा सुविधा पाउने भनी उल्लेख गरेका सैनिक सकलदर्जाका छोराछोरीहरुलाई समेत नियमानुसार अध्यापन गराउने व्यवस्था मिलाईएको हुंदा भर्ना हुन इच्छुक हुनेले पनि फाराम दर्ता गर्न सक्नेछन् ।

१. विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयमा कक्षा १ (सैनिक कोटातर्फ) तथा कक्षा ३ (गैरसैनिक कोटातर्फ) का हकमा तल उल्लेखित परीक्षा कार्यक्रम अनुसार नै नयां छात्राहरु भर्ना लिने व्यवस्था मिलाइएको हुंदा अध्ययन/अध्यापन गराउन इच्छुक उम्मेदवारले विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालयमा सम्पर्क राख्न सकिनेछ ।

२. रिपूमर्दिनी सैनिक माध्यमिक विद्यालयमा कक्षा १ (सैनिक तथा गैरसैनिक कोटातर्फ) मा तल उल्लेखित परीक्षा कार्यक्रम अनुसार नयां छात्र-छात्राहरु भर्ना लिने व्यवस्था मिलाइएको हुंदा अध्ययन/अध्यापन गराउन इच्छुक उम्मेदवारले पनि विस्तृत जानकारीका लागि सम्बन्धित विद्यालयमा सम्पर्क राख्न सकिनेछ ।

☛ **<u>Online Entrance Exam सम्बन्धी कार्य तालिका</u>**

(क) Online आवेदन फाराम वितरण/Collection: मिति २०७७ असोज ०८ गतेदेखि ऐ. १३ गतेसम्म (सार्वजिक विदाको दिन समेत)

(ख) लिखित प्रवेश परीक्षा संचालन : मिति २०७७ असोज २० गते ।

(ग) लिखित प्रवेश परीक्षाको नतिजा प्रकाशनः मिति २०७७ असोज २३ गते ।

(घ) Online अन्तरवार्ता संचालन : मिति २०७७ असोज २५गतेबाट ऐ.२७ गतेसम्म ।

(ङ) अन्तिम नतिजा प्रकाशन : मिति २०७७ असोज २९ गते ।

☛ साथै शैक्षिक सत्र २०७७ को लागि नयाँ विद्याथी भर्ना गर्न अनलाईन तथा स्वयं उपस्थित भई आवेदन फाराम भरी दर्ता भएका विद्यार्थीहरुको हकमा पुनः आवेदन फाराम भर्न नपर्ने व्यहोरा जानकारी गराईन्छ ।

***Online फाराम भर्न, नियमित विद्यार्थी भर्ना तथा विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालय/विद्यालयको प्रिन्सिपल कार्यालयमा पनि सम्पर्क राख्न सकिनेछ ।***